# मिति २०८०।९।२३ गतेको ३२औं कार्यपालिका बैठक प्रस्तावहरु

१. गत बैठकको समीक्षा सम्बन्धमा ।
२. LISA/FRA को विवरण फाइनल गर्ने ।
३. जग्गा वर्गीकरण भुमि ऐन/नियमावली बनाउने सम्बन्धमा ।
४. आर्थिक सहयोग सम्बन्धमा ।
५. सडकको बाटो लगत कट्टा गर्ने सम्बन्धमा ।
६. वाँकी रहेका ठेक्का विद्दुतिय वोलपत्र खुलाउने सम्बन्धमा ।
७. राष्ट्रपति रनिङ शिल्ड खेल संचालन सम्बन्धमा ।
८. विशेष तथा समपुरक योजनाहरु छनौट गर्ने सम्बन्धमा ।
९. प्रदेश योजना आयोगको दोस्रो पञ्च वर्षिय योजना सम्बन्धमा ।
१०. संघीय सरकारको सोह्रौं पञ्च वर्षिय योजना सम्बन्धमा ।
११. योजना बैंक निर्माण गरिएको सम्बम्धमा ।
१२ डिपिआर Detail Project Report बनाउने सम्बन्धमा ।
१३ पालिकामा भएका फर्म तथा व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा ।
१४. वडा नं ४ भैपरी वजेट र कृषि पशु कार्यक्रम बजेट छुट्याउने सम्बन्धमा।
१५. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन सम्बन्धी ठेक्का बन्दोबस्त सम्बन्धमा
१६. कोत्रबाङ खुम्लिया पैयुपाटा कुहु पुर्णगाँउ टोड्के मोटरबाटोको बाँकी रहेको रकम विनियोजन सम्बन्धमा।
१७. पालिका स्तरीय खेल मैदान निर्माण ।
१८. पहिरो नियन्त्रण र बाटो सरसफाइ सम्बन्धमा।
१९. बाबियाचौर-सल्यान-भर्जुला-हिदि सडकको बाँकी रहेको रकमबाट नयाँ योजना छनौट गर्ने सम्बन्धमा ।
२०. बाबियाचौर स्वास्थ्य चौकीको आवश्यक फर्निचरको लागि बजेट विनियोजन ।
२१. अर्मन स्वास्थ्य चौकी पहिरोले पुरिएका उपकरण बनाउने सम्बन्धमा ।
२२. अर्मन स्वास्थ्य चौकीको छतमा ट्रष्ट र कोठा बनाउने सम्बन्धमा
२३. निजी आवासको लागि बजेट विनियोजन सम्बन्धमा ।
२४. क्यान्सर पिडित बिरामीको लागि अपुग रकम माग सम्बन्धमा
२५. बेरुजु फछ्र्यौट सम्बन्धमा ।
२६. शिक्षा ऐन २०७५ संशोधन सम्बन्धमा ।
२७. ०८०।८१ को आन्तरिक लेखापरीक्षक तोक्ने सम्बन्धमा
२८. गाउँ सभाको मिति तोकिएको सम्बन्धमा ।
२९. पालिकालाई निशुल्क जग्गा दिनु भएकोमा उहाँको जमिन पालिकाको नाममा जग्गा धनि पूर्जा लिने सम्बन्धमा ।
३०. बाबियाचौर स्वास्थ्य चौकीको घेरवार गर्ने सम्बन्धमा ।
३१. कर्मचारी कल्याण कोष कानून अनुसार छुट्याउने रकम ।
३२. पालिकाको मध्यमकालीन खर्च संरचना, डिजिटल प्रोफाइल निर्माण र भू उपयोग वर्गीकरण गर्ने सम्बन्धमा ।
३३. पशु सेवा शाखाको दुध संकलन केन्द्र स्थापनाको रकम रकमान्तर ।
३४. पशुपंक्षी विकास शाखाबाट सेवा दिने लाभग्राही छनौट तथा कार्यान्वयन समिति गठन सम्बन्धमा ।
३५. पालिकाको वडा नं५ मा रहेको खेलमैदान निर्माण तथा सुधार सम्बन्धी बजेट छुट्याउने सम्बन्धमा ।
३६. आ.व. ०८१/८२ को राजश्व अनुमान तथा श्रोत
३७. न्याय पालिकालाई बजेट विनियोजन गर्ने.
३८. मंगला माध्यामिक विद्यालयको होस्टल भवन निर्माण सम्बन्धमा ।
३९. अनुगमन समितिलाई पूर्णता दिने सम्बन्धमा ।
४०. राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिताको अपुग रकम भुक्तानी सम्बन्धमा.
४१. जिल्ला स्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिताको खर्च रकम भुक्तानी सम्बन्धमा।
४२. IEE प्रतिवेदन पारित गर्ने सम्बन्धमा
४३. बाबियाचौर स्वास्थ्य चौकी भवन निर्माण कार्यको variation सम्बन्धमा
४४. विविध

निर्णयहरु:

**निर्णय नं १.** प्रस्ताव नं १ माथि छलफल गर्दा गत मिति २०८०/०८/२५ मा बसेको कार्यपालिका बैठकको निर्णयका बारेमा छलफल तथा समीक्षा गरियो ।

**निर्णय नं २.** प्रस्ताव नं २ माथि छलफल गर्दा LISA/FRA समय सीमाभित्र कागजात अपलोड गरी प्रारम्भिक नतिजा प्रकाशन अनुमोदनको लागि अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३.** प्रस्ताव नं ३ माथि छलफल गर्दा मंगला गाउँपालिकाभित्र रहेका जग्गा वर्गीकरणको लागि भूमि ऐन/नियमावली बनाउनको लागि प्राइभेट वकिललाई कार्य आदेश दिने निर्णय गरियो ।

**निर्णय नं ४.** प्रस्ताव नं ४ माथि छलफल गर्दा देहाय बमोजिमको निर्णय गरियो ।

क) मंगला गाउँपालिका ५ नं वडा कार्यालयको च. नं. ७५१, मिति २०८०/०९/०८ को पत्र अनुसार मंगला गा.पा.-५ पिपलबोट निवासी सफल कृषि तथा पशुपंक्षी फर्म सञ्चालक श्री टोपलाल सापकोटाको १ वटा ब्याउने भैसी मरेको र निजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराउनको लागि सिफारिस पत्र प्राप्त भई आएकोले निज टोपलाल सापकोटालाई आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गा.पा. चालूतर्फ **अध्यक्षसँग उद्धार राहत तथा पुनःस्थापना कार्यक्रम** शीर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग बापत जम्मा रकम रु. १५,०००।(अक्षरुपी पन्ध्र हजार) मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

ख) मंगला गाउँपालिका ३ नं वडा कार्यालयको च. नं. ८०६, मिति २०८०/०९/२३ को सिफारिस पत्र अनुसार पखेर आमा समूहको अध्यक्ष श्री दिलमाया बुढाथोकीले दिएको निवेदन अनुसार उक्त आमा समूहको लागि सामाग्री खरिद माग भई आएकोमा हाललाई **फर्निचर तथा फिक्चर्स** शीर्षकबाट जम्मा रकम ५०,०००।- (पचास हजार) सम्मको सामग्री खरिद गरी उक्त समूहलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ५.** प्रस्ताव नं ५ माथि छलफल गर्दा कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशको प.सं. ०८०/८१, च.नं. ४५८ को पत्र कार्यपालिकामा छलफल भई सो सम्बन्धमा पालिकाबाट सम्भव भएसम्म सम्बन्धित मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६.** प्रस्ताव नं ६ माथि छलफल गर्दा विगतमा कार्यपालिकाले निर्णय गरे अनुसार बाँकी रहेका ठेक्कापट्टाहरू विद्युतिय बोलपत्र द्वारा प्रकाशन गरि खरिद तथा निर्माण गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं ७.** प्रस्ताव नं ७ माथि छलफल गर्दा मिति २०८०/०९/१५ देखि १७ गते सम्म मंगला-५, कैलाशफाँटमा सञ्चालन गरिएको चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने सरोकारवाला सम्पूर्णमा धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं ८.** प्रस्ताव नं ८ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८०/०८/३० गते प्रकाशित सूचना अनुसार आ.व. २०८०/८१ मा सङ्घीय समपुरक अनुदान विशेष अनुदान अन्तर्गत कार्यान्वयन गर्ने योजनाहरूका लागि प्रस्ताव सहित विवरण तयार गरी २०८० माघ मसान्तभित्र माग गर्न भनि आएकोमा देहाय बमोजिमको योजना माग गर्ने निर्णय गरियो ।

क) संघीय समपुरक अनुदान

१. सिम कोत्रबाङ खुम्लिया पैयुपाटा कुहु पुर्णगाँउ टोड्के मोटरबाटो स्तरोन्नती
२. पुल्चोक पिपलबोट पाँखु धारा सिर्कुम टिकाबाङ मोटरबाटो स्तरोन्नति
३. डोराभिर-मंगला देउराली सडक निर्माण

ख) संघीय विशेष अनुदान

१. बाबियाचौर-काँसेबगर-हाँडेभिर क्षेत्रमा म्याग्दी नदी नियन्त्रण

२. व्यवसायीक चिया खेती प्रवर्धन कार्यक्रम

३. सिमलचौर-लामोछहरा-पूर्णगाउँ-टोड्के पर्यटकीय क्षेत्र पद मार्ग निर्माण

**निर्णय नं ९.** प्रस्ताव नं ९ माथि छलफल गर्दा गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराले मिति २०८०/०८/२८ मा बेनी म्याग्दीमा दोस्रो पञ्च वर्षीय योजना निर्माण सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएकोमा गाउँपालिकाको तर्फबाट गा.पा. उपाध्यक्ष श्री प्रेम कुमारी क्षेत्री र प्रमुख प्रशासकीय अधिकृत श्री शिवकुमार पौडेल सहभागी हुनुभएको थियो । सो सम्बन्धमा नियमानुसार पालिकाले गर्नुपर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं १०.** प्रस्ताव नं १० माथि छलफल गर्दा राष्ट्रिय सूचना आयोगले मिति २०८०/०७/२१ गते पोखरामा सञ्चालित सोह्रौं योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा गाउँपालिकाको तर्फबाट योजना शाखा प्रमुख श्री सुदर्शन पौडेल सहभागी भई जानकारी लिनुभयो । सो सम्बन्धमा नियमानुसार पालिकाले गर्नुपर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं ११.** प्रस्ताव नं ११ माथि छलफल गर्दा योजना बैंक निर्माण गर्नका लागि जनप्रतिनिधिको तर्फबाट वडा नं. २ का वडा अध्यक्ष श्री धन बहादुर खाती क्षेत्री र कर्मचारीको तर्फबाट प्रशासन योजना अनुगमन शाखा प्रमुख श्री सुदर्शन पौडेल र पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख श्री रुचेन्द्र अधिकारीलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं १२.** प्रस्ताव नं १२ माथि छलफल गर्दा तपसिलका आयोजनाहरूको विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्नको लागि आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत् पुंजीगत परामर्श खर्च शिर्षक (ख.शि.नं.३११३५) बाट रकम रु. ५,००,०००।— (पाँच लाख) विनियोजन गरी कार्य गर्ने निर्णय गरियो ।

तपसिल

क) मोहनखोल्सा-थर्पुगाउँ-दुर्दी-लाम्पाटा-बिसमोर-झाक्रीपानी-किमचौर सडक खण्ड

**निर्णय नं १३.** प्रस्ताव नं १३ माथि छलफल गर्दा वडा कार्यालयहरूमा पत्राचार गरे बमोजिम फर्म, पसल, क्लब, आमा समूह, खानेपानी उपभोक्ता समिति, टोल विकास संस्था सम्बन्धी विवरण माग गरी प्राप्त भएका विवरणहरू अध्ययन गर्दा कतिपय दर्ता नभइ सञ्चालन भएका तथा दर्ता भएता पनि नवीकरण नगराई सञ्चालन भएको पाएकाले र पालिकाबाट बजार अनुगमन गर्दा समेत सोही व्यहोरा जानकारी हुन आएकोले माथि उल्लेखित विषयहरू तीन महिनाभित्र अनिवार्य रूपमा दर्ता तथा नवीकरण गर्न ताकेता गर्दै सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४.** प्रस्ताव नं १४ माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णय गर्ने गरियो ।

क) मिति २०८०/०९/११ गते बसेको वडा समितिको निर्णयानुसार यस कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वडा ४ को भैपरी आउने खर्च शीर्षकमा विनियोजित रु १ लाख रहेको रकमलाई तपसिल बमोजिमका क्रियाकलाप मा छुट्टाउने गरी सभामा पेश गर्ने निर्णय गरियो।

१. आमा समूहको वृद्धि विकास स्तरोन्नती कार्यक्रम — रकम रु ४०,०००।-

२. सामुदायिक सेवा केन्द्र (वडा ४) को लागि सामाग्री खरिद तथा व्यवस्थापन — रकम रु. २५,०००।-

३. महेन्द्ररत्न आ.वि. सामाग्री खरिद, मर्मत तथा व्यवस्थापन — रकम रु. २०,०००।—

४. पर्यटकीय स्थल प्रचारप्रसार तथा प्रवर्द्धन र स्थलगत निरीक्षण — रकम रु. १५,०००।—

ख) मिति २०८०/०९/११ गते बसेको वडा समितिको निर्णयानुसार यस कार्यालयको आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वडा ४ को कृषि तथा भेटेरिनरी कार्यक्रम खर्च शीर्षकमा विनियोजित रु ६ लाख रहेको रकमलाई तपसिल बमोजिमका क्रियाकलाप मा छुट्टाउने गरी सभामा पेश गर्ने निर्णय गरियो।

१. होममिल वितरण कार्यक्रम(५०% अनुदान)- रकम रू. ६७,५००।—

२. मिनिटेलर वितरण कार्यक्रम(५०% - रकम रु. १,७५,०००।—

३. थ्रेसर वितरण कार्यक्रम- रकम रु. ६०,०००।—

४. प्लास्टिक टनेल वितरण- रकम रु. ५७,५००।—

५. बाख्राको पाठी वितरण(निःशुल्क) (ग र घ वर्गको अपाङ्ग भएका व्यक्ति) — रकम रू. ५५,०००।—

६. बङ्गुरको पाठा-पाठी वितरण (५०% अनुदान) — रकम रु. ६५,००,००।—

७. भेटेरिनरी औषधि खरिदः रु ५००००।—

८. कृषि तथा भेटेरिनरी कार्यक्रम खर्चः ७०,०००।—

**निर्णय नं १५.** प्रस्ताव नं १५ माथि छलफल गर्दा IEE को प्रतिवेदन प्राप्त भएको र सो प्रतिवेदनमा केही आवश्यक सुधारको लागि पेश गर्ने निकायलाई अन्तिम रिपोर्ट पेश गर्न लगाउने निर्णय गरियो । साथै अन्तिम रिपोर्ट प्राप्त भए पश्चात् ठेक्का पट्टा लगाउने निर्णय गरियो ।

**निर्णय नं १६.** प्रस्ताव नं १६ माथि छलफल आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार गा.पा. पुँजीगत तर्फ **कोत्रबाङ खुम्लिया पैयुपाटा कुहु पुर्णगाँउ टोड्के मोटरबाटो क्रमागत समपुरक** शीर्षकमा रु. १,२५,००,०००।- (एक करोड पच्चीस लाख रुपैयाँ) विनियोजन भएकोमा मिति २०८०/०९/२५ मा सो योजनाको लागि १,७३,७८,५७९।- (एक करोड त्रिहत्तर लाख अठहत्तर हजार पाँच सय उनासी रुपैया मात्र) मा सम्झौता भई गा.पा विनियोजन तर्फ बाँकी रहेको रु. ३३,१०,७१०।- र **समपुरक कोष (सडक बोर्ड झो.पु तथा अन्य)** शीर्षकबाट रु. १७,००,०००।-(सत्र लाख) बजेट थप गरी सोही सडकको कुहुँ गाँउ क्षेत्र मा सडक स्तरोन्नती गर्ने गरी बजेट विनियोजन गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं १७.** प्रस्ताव नं १७ माथि छलफल गर्दा मंगला-५ कैलाश फाँटमा निर्माण गर्ने गरी आवश्यक पूर्वाधार निर्माण गर्न इष्टिमेट, डिजाइन, ड्राइंग गरी आवश्यक रकम संघ तथा प्रदेशमा माग गर्नका लागि सिफारिस लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं १८.** प्रस्ताव नं १८ माथि छलफल गर्दा पालिकाको केन्द्रदेखि विभिन्न वडा कार्यालय जाने ट्र्याक खोलिएका मोटरबाटोहरू ठाउँठाउँमा पहिरो गएको हुँदा बाटो साघुरो रहेको अवस्था छ । साथै घुम्ती/मोडहरु साघुरो भएकोले सवारी आवत जावतमा असहजता भएकोले सहज तरिकाले सजिलो बनाउनका लागि आवश्यक देखिएका बाटोहरूलाई प्राविधिक मुल्याङ्कन गरी मर्मत सम्भार गर्नका लागि वडा कार्यालयमा लेखी पठाउने र प्राप्त हुन आएको इष्टिमेट अनुसार बाटो **सडक मर्मतसम्भार तथा सरसफाई खर्च** शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १९.** प्रस्ताव नं १९ माथि छलफल गर्दा आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार गा.पा पुँजीगत तर्फ प्रदेश समपुरक अन्तर्गतको बाबियाचौर-सल्यान-भर्जुला-हिदि सडक योजना को मिति २०८०/०९/२५ मा सम्झौता भईसकेकोले गा.पा विनियोजन तर्फको बचत हुने रकम रु. ९,८३,७६९।- मार्फत नयाँ योजना सञ्चालन गर्नका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २०.** प्रस्ताव नं २० माथि छलफल गर्दा बाबियाचौर स्वास्थ्य चौकीको आवश्यक फर्निचर उपकरणहरू व्यवस्थापनको लागि गा.पा पुँजीगत तर्फ विनियोजित **फर्निचर एण्ड फिक्चर्स क्रियाकलाप** बाट लागत अनुमान बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं २१.** प्रस्ताव नं २१ माथि छलफल गर्दा अर्मन स्वास्थ्य चौकीमा बर्सातको पानी सँगै आएको पहिरोले पुरिएर झिकिएका वर्थिङ सेन्टरका सामाग्रीहरूको मर्मत गर्ने तथा मर्मत गरेर चलाउन नसकिने सामाग्रीहरूलाई आवश्यक बजेट मार्फत खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं २२.** प्रस्ताव नं २२ माथि छलफल गर्दा मंगला गाउँपालिका वडा नं ५ मा रहेको अर्मन स्वास्थ्य चौकी भवनको छतमा छत र कोठा बनाउन आवश्यक भएकोले सो कार्य सञ्चालन गर्नका लागि बजेट विनियोजन गर्नुपर्ने हुँदा गाउँसभामा लैजाने निर्णय गरियो ।

**निर्णय नं २३.** प्रस्ताव नं २३ माथि छलफल गर्दा निजी आवासको लागि मनसुनजन्य बर्षात र विपतका कारण घरबास विहीन भएका पीडित नागरिकहरूको निजी आवास निर्माण गर्न आवश्यक बजेट विनियोजन गर्नका लागि गाउँसभामा लैजाने निर्णय गरियो ।

**निर्णय नं २४.** प्रस्ताव नं २४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/१२/१२ को च.नं ४४५ को पत्रानुसार तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "मृगौला प्रत्यारोपण, डायलाइसिस गराईरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८" बमोजिम आ.व. २०८०/०८१ को पहिलो चौमासिकको लागि रु ५,९०,०००।- (पाँच लाख नब्बे हजार मात्र) भुक्तानी दिनुपर्ने र हालसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सो बजेट उपलब्ध भइनसकेकोले गा.पा चालूतर्फ विनियोजन भएको प्रदेश ससर्त तथा राजश्व फिर्ता शीर्षकमा विनियोजन भएको रु १५,००,०००।— (पन्ध्र लाख) बाट रु. ६,००,०००।- (छ लाख रुपैयाँ मात्र) रकमान्तर गरी स्वास्थ्य विशेष कार्यक्रम मा विनियोजन गर्ने र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट शोधभर्ना माग गर्ने गरी सोही शीर्षकबाट हालको लागि रु ५,९०,०००।- (पाँच लाख नब्बे हजार ) सम्बन्धित व्यक्तिको खातामा जम्मा गर्ने गरी खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं २५.** प्रस्ताव नं २५ माथि छलफल गर्दा  मंगला गाउँपालिकाको आ.व. २०७९/८० को महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक प्रतिवेदन उपर आवश्यक छलफल, अनुगमन तथा मूल्याङ्कन अनुसार तपसिल बमोजिमको कायम भएको बेरुजू व्यहोरामा राय सहित सार्वजनिक लेखा समितिबाट पेश गरिएको प्रतिवेदन पेश भएकोमा तपसिल बमोजिमको हुने गरी निर्णय गरियो ।

| सि.न | दफा नं. | बेरुजूको छोटकरी व्यहोरा | अनुमोदन/नियमितताको आधार | अनुगमनको लागि पेश गरेको रकम रु | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| १ | १३.२ | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ बमोजिम स्थानीय (१) सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ बमोजिम अन्य व्यवस्था (२) स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को .७४१ बमोजिम अतिरिक्त समय र . बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७) १ को.४.५बमोजिम प्रोत्साहन ( भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष प्राविधिक कर्मचारिहरुलाई फिल्ड भत्ता कार्यविधि स्वीकृत गरीमंसिर वाट असारसम्म रु ११३६०००।खर्च - गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोमा आन्तरिक आय न्युन भएको अवस्थामा कर्मचारी प्रोत्साहन भत्ता वितरण गरेको नियम संगत नदेखिएको रु ११,३६,००० | म.ले.प प्रतिवेदनको यस दफा मा छलफल गर्दा कार्यालयमा कर्मचारी दरबन्दी अनुसार पदपूर्ति नुहुँदा सेवा प्रवाहलाई प्रभावकारी बनाउन नियमित तथा अतिरिक्त समयमा समेत कर्मचारी खटाउनुपर्ने भएको, कार्यालयबाट सञ्चालित २०० भन्दा बढि आयोजनाको नाप जाँच, सुपरिवेक्षण र अनुगमनको लागि गाउँपालिका भित्रका विभिन्न बस्तीहरूमा उपस्थित हुनु परेको, पटक-पटक कार्यालयको प्रतिवेदन कोलेनिका लगायत अन्य निकायमा प्रतिवेदन पेश गर्न सदरमुकाम जानु पर्ने भएकोले उल्लेखित कार्यमा संलग्न हुने कर्मचारीहरूलाई पटक-पटक भ्रमण भत्ता र अन्य भत्ता उपलब्ध गराउँदा गाउँपालिकालाई थप आर्थिक भार नपरोस् भनि कर्मचारीलाई काम प्रति जिम्मेवार र उत्प्रेरित समेत गराउने उद्देश्यले गाउँ कार्यपालिका द्वारा फिल्ड भत्ता तथा प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि स्वीकृत गरिएको र सोही कार्याविधि बमोजिम त्यसता कर्मचारीहरूलाई म्याग्दी जिल्ला भित्रको कुनै पनि भ्रमण भत्ता नदिने गरी खर्च गरिएको हुँदा उक्त रकम अनियमित नभएको पाईएकोले सो खर्च रकम अनुमोदन गरी उक्त बेरुजू फछ्यौंटको लागी महालेखापरीक्षक कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो। | ११,३६,००० | |
| २ | २६ | पेश्की बाँकी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको मसान्तसम्म पेश्की फस्यौंट गरी सक्नुपर्ने व्यवस्था छ | पेश्की फछ्यौंट गर्न बाँकी सम्बन्धित उ.स लाई पत्राचार गरी पेश्की रकम असुल गर्ने निर्णय गरियो। | ७५,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | । कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद ननाघेको ६४८०००।- तथा म्याद नाघेको रु ७५०००।०० समेत जम्मा रु ७२३०००।०० पेश्की फस्यौंट गर्न बाँकी देखिएको छ । नियममा व्यवस्था भए बमोजिम कार्यालयले पेश्की फछ्यौंट गर्नुपर्दछ रु ७५००० | | | |
| ३ | ११ | **दहत्तर बहत्तर ठेक्काः** प्रदेश संचित कोषमा दाखिला हुनुपर्ने रकम दाखिला नगरिएको। | मंगला गा.पा को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गा.पा चालू तर्फ विनियोजित प्रदेश राजश्व तथा ससर्त रकम फिर्ता खर्च शीर्षकबाट प्रदेश संचित कोषमा रकम दाखिला गरिएको हुँदा सो को भौचर सहित प्रमाण पेश गरी उक्त बेरुजू रकम फछ्यौंट गर्न महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने निर्णय गरियो । | ८,६२,२२४ | |
| ४ | २७ | पालिकाले सिम-खुम्लिया-कोट्रबाङ्ग-तोड्के -पुर्णगाउँ-कुँहुँ-पैंयुपाता मोटरबाटो निर्माण कार्यको लागि -मिति २०८००३१० सम्म सम्पन्न -२८ मा -११-गर्ने गरी मिति २०७९ ठेकेदार रामकृष्णकन्सट्रक्सन सँग रु १२५५००२८।४३ मा भएको सम्झौताको म्याद थप गरी मिति २०८०३० सम्म म्याद -०४- कायम भएको ठेक्कामा सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेशन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०६ लिटरसम्म हुने .४ देखि ०. उल्लेख छ। पालिकाले सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत प्रति लिटर १ बर्ग मिटरका दरले भुक्तानी दिएको देखियो । ७२४१२५।०० भुक्तानी दिएकोमा | गाउँपालिकाले सिम-कोत्रबाङ-खुम्लिया-कोत्रबाङ-पैयुपाटा-कुँहु-पैयुपाटा-टोड्के मोटरबाटो निर्माणका कार्यको निर्माण कम्पनी मार्फत कार्य सम्पन्न भए पश्चात् प्राविधिक बाट सम्पूर्ण कार्यको मूल्याङ्कन गरी नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र भुक्तानी बिल तयारी गर्दा मूल्याङ्कित कुल रकमबाट यस दफामा बढि भुक्तानी भएको भनि अशुल गर्न भनिएको रकम रु. ३,२७,३०४ घटाएर बाँकी हुन आउने रकम मात्र मिति २०८०/०६/३० गते अन्तिम बिल भुक्तानी दिइएको हुँदा प्राविधिकको अन्तिम प्रतिवेदन (नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र भुक्तानी बिल) र भुक्तानी भौचरलाई प्रमाणको रूपमा पेश गरी बेरुजू फछ्यौंट गर्न महालेखापरीक्षक समक्ष पेश गर्ने निर्णय गरियो। | ३,२७,३०४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नर्म्स अनुसार प्रति वर्गमिटर ०६ . ९ लिटर .लिटरका दरले १७३९ मात्र दिनुपर्नेमा बढी ११५८।५ लिटरको रु २८९६५०।०० मा मुल्य अभिबृद्धि कर समेत रु ३२७३०४।०० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ३,२७,३०४ | | | |
| ५ | ३० | पालिकाले १० सैया अस्पताल मंगला ५ अर्मनमा निर्माण गर्ने गरी मिति २०७८-०३-०९ मा सम्झौता गरेको ठेक्काको म्याद मिति २०८०-०३-०९ सम्म रहने गरी निर्माण व्यावसायी ओम बुद्ध इन्टरनेश्नल कन्सट्रक्सन प्रा.ली. सँग रु ९११०८७२९.०२ भएको सम्झौता बमोजिम कार्य नभएकोमा सम्झौताको बुँदा नं G C C को ५७.३ बमोजिम प्रत्येक बिलबाट ३० प्रतिशत भुक्तानी पश्चात ४० प्रतिशतका दरले ८० प्रतिशत समय व्यतित हुँदा सम्पूर्ण पेश्की कट्टी गर्नु पर्नेमा नगरेकाले पेश्की जमानत वापत राखेको रकम रु ८००००००/- रकम असुल गरी बाँकी कार्यलाई अगाडी बढाउनु पर्ने देखिएको<br>• निर्माण ब्यावसायीले Work Scdeule अनुसार कार्य नगरेकोले सम्झौता अवधी समाप्त हुँदा समेत कार्य प्रगती १२.२८ प्रतिशत मात्र देखियो ।<br>• IEE प्रतिवेदन पारित नगरी हस्पिटल निर्माण स्थल छनौट गर्दा भवन निर्माण निर्माण स्थल पहिरो तथा बाढीको उच्च जोखिममा रहेको देखियो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२१ को (क) बमोजिम आपूर्तिकर्ता, परामर्शकर्ता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले | पालिकाले १० शैंया अस्पताल मंगला ५ अर्मनमा निर्माण गर्ने गरी मिति २०७८-०३-०९ मा सम्झौता गरेको ठेक्काको म्याद मिति २०८०-०३-०९ सम्म रहने गरी निर्माण व्यवसायी ओम बुद्ध इन्टरनेश्नल कन्सट्रक्सन प्रा.ली. सँग रु ९,११,०८,७२९.०२ भएको सम्झौता बमोजिम म्याद समाप्त भएकोमा मिति २०८०/१२/०९ सम्म म्याद थप भइसकेको हुनाले निर्माण कम्पनी संग क्षतिपूर्तिको रकम असुल गर्नु नपर्ने भएको र निर्माण कम्पनीलाई रनिङ बिल भुक्तानी गर्ने क्रममा पेश्कि रकम फछ्यौंट गरी बाँकी रकम भुक्तानी दिने तथा सोहिबमोजिम बेरुजू फछ्यौंटको लागि मलेप कार्यालयमा पेश गर्ने गरी अनुमोदनको लागी निर्णय गरियो। | ८,८६,८८६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारण तया प्रति दिन सम्झौता रकमको शुन्य दरमलब शुन्य पाँच प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था बमोजिम दैनिक रु. ४०३१३।०० का दरले असार मसान्त सम्म २२ दिनको रु ८८६८८६।०० असुल गर्नुपर्ने रु | | | |

**निर्णय नं २६.** प्रस्ताव नं २६ माथि छलफल गर्दा शिक्षा शाखाबाट मंगला गाउँपालिकाको शिक्षा ऐन २०७५ को बुँदाहरू संशोधन गर्नको लागि पेश भइ आएकोमा सो बुँदाहरूलाई संशोधन गर्नका लागि गाउँसभामा लैजाने निर्णय गरियो ।

**निर्णय नं २७.** प्रस्ताव नं २७ माथि छलफल गर्दा आ.व. ०८०/८१ को आन्तरिक लेखापरीक्षणका लागि बाग्लुङ्ग जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको लेखा परीक्षण शाखा र धवलागिरि गाउँपालिकाका आ.ले.प. लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २८.** प्रस्ताव नं २८ मा छलफल गर्दा मंगला गाउँपालिकाको १७ औं गाउँसभा मिति २०८०/०९/२९ गते आइतबारेको दिन बिहान ११ बजे मगर संघ हल बाबियाचौरमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २९.** प्रस्ताव नं २९ माथि छलफल गर्दा मंगला-२ भाइवाङ स्थित थिरीलाल पाध्याको कित्ता नं ६२६ (कुहुँ ४क) को जम्मा क्षेत्रफल १९-३-३-३ दोयम पाखा जग्गा मध्येबाट कित्ता काट गरी क्षेत्रफल १-२-२-१ पालिकाको नाममा निःशुल्क उपलब्ध गराएकोमा उक्त जग्गाधनी प्रमाणपुर्जा बनाउनको लागि जग्गा पास गर्दा राजश्व छुटको लागि मालपोत कार्यालयमा अनुरोध गर्दै गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री शिवकुमार पौडेललाई मालपोत तथा नापी कार्यालय बेनी म्याग्दी गई आवश्यक कार्य गर्नको लागि प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं ३०.** प्रस्ताव नं ३० माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा ठेक्का आव्हान भई निर्माण सम्पन्नको अन्तिम चरणमा पुगेको बाबियाचौर स्वास्थ्य चौकी भवन वरिपरि रहेको जग्गा मिति २०८०/०८/२२ मा नापी कार्यालयबाट सर्भेयर ल्याई सर्भे कार्य सम्पन्न गरिएकोमा भवन क्षेत्रले चर्चेको जग्गाको नाप नक्साभित्रको जमिनमा तारबार लगाइ गेट निर्माण गर्नुपर्ने भएकोले आ.व २०८०/०८१ मा गा.पा पुँजीगत तर्फ **बाबियाचौर स्वास्थ्य चौकी भवन निर्माण दायीत्व भुक्तानी** शिर्षकमा विनियोजित रकम मध्येबाट कार्य सम्पन्न पश्चात् ठेक्काको दायित्व भुक्तानी गरी बाँकी रहने रकमबाट प्राविधिकको लागत अनुमान (इस्टिमेट) बमोजिम सो कार्य गर्नको लागि बजेट विनियोजन गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३१.** प्रस्ताव नं ३१ माथि छलफल गर्दा स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापन नियमावली २०८० को नियम ८९ कम्तीमा स्थायी दरबन्दीको एक महिनाको सुरु तलबको रकम कर्मचारी कल्यान कोषमा जम्मा गर्ने प्रदेश कानुनको प्रावधान रहेकोले सोही कानुन अनुसार रकम रु. १५,००,००० कर्मचारी कल्याण कोषमा दाखिला गर्ने निर्णय गरियो ।

**निर्णय नं ३२.** प्रस्ताव नं २६ माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा व्यवस्था भए बमोजिम परामर्श दाताबाट सेवा लिइ मध्यकालीन खर्च संरचना, गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण र भू उपयोग वर्गीकरण गर्न सेवा परामर्श खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं ३३.** प्रस्ताव नं ३३ माथि छलफल गर्दा मंगला गाउँपालिकाको पशु विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत दूध सङ्कलन केन्द्र स्थापना गर्नको लागि विनियोजित रकम रु. २,५०,०००।- रकमान्तर गरी बाख्रापालक किसानहरूको लागि "बाख्रा पालन कार्यक्रम" क्रियाकलाप मा विनियोजन गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३४.** प्रस्ताव नं ३४ माथि छलफल गर्दा पशुपक्षी विकास शाखाबाट सेवा दिने लाभग्राही छनौटको लागि तपसिल बमोजिमको छनौट समिति गठन निर्णय गरियो ।

**क)** गाउँपालिका अध्यक्ष - अध्यक्ष
**ख)** गाउँपालिका उपाध्यक्ष - सदस्य
**ग)** प्र.प्र.अ. - सदस्य
**घ)** संयोजकले तोकेको ३ जना सदस्य (लाल बहादुर रोका, भुमिसरा बुढाथोकी, टेक बहादुर किसान)- सदस्य
**ङ)** पशु विकास शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं ३५.** प्रस्ताव नं ३५ माथि छलफल गर्दा मंगला-५, कैलाशफाँटमा रहेको खेल मैदान निर्माण तथा मर्मत गर्नका लागि आवश्यक पर्ने अनुमानित लागत रकम रु. ४,८०,०००/- (चार लाख असी हजार) विनियोजन गर्नका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३६.** प्रस्ताव नं ३६ माथि छलफल गर्दा आ.व. ०८१/८२ को लागि स्रोत अनुमान तथा राजस्वको आय व्यय तपशिल अनुसार प्रक्षेपण गर्ने निर्णय गरियो ।

Details of income and expenditure

| **आ.व. : २०८०/८१** | | | | |
|---|---|---|---|---|
| **शीर्षक** | **आ.व. २०७८/७९ को यथार्थ** | **आ.व. २०७९/८० को संशोधित अनुमान** | **आ.व. २०८०/८१ को अनुमान** | **आ.व. २०८१/८२ को अनुमान** |
| आय | 409,543,653.23 | 440,219,000.00 | 441,461,700.00 | 445,876,317.00 |
| राजस्व | 71,472,026.23 | 86,656,000.00 | 85,956,700.00 | 86,816,267.00 |
| आन्तरिक श्रोत | 6,131,121.87 | 4,730,000.00 | 5,380,000.00 | 5,433,800.00 |
| ११३१३ एकीकृत सम्पती कर | 450,769.00 | 250,000.00 | 300,000.00 | 303,000.00 |
| ११३१४ भुमिकर/मालपोत | 1,390,038.00 | 300,000.00 | 500,000.00 | 505,000.00 |
| ११३२१ वहाल कर | 191,074.00 | 200,000.00 | 200,000.00 | 202,000.00 |
| ११३२२ वहाल विटौरी कर | 199,621.87 | 50,000.00 | 200,000.00 | 202,000.00 |
| ११६९१ अन्य कर | - | 500,000.00 | 500,000.00 | 505,000.00 |
| १४२२४ परीक्षा शुल्क | - | 30,000.00 | 30,000.00 | 30,300.00 |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | 14,200.00 | 250,000.00 | 400,000.00 | 404,000.00 |
| १४२४३ सिफारिश दस्तुर | 1,914,401.00 | 1,550,000.00 | 1,500,000.00 | 1,515,000.00 |

| | | | | |
|---|---|---|---|---|
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | 388,350.00 | 350,000.00 | 300,000.00 | 303,000.00 |
| १४२४५ नाता प्रमाणित दस्तुर | 445,300.00 | 250,000.00 | 300,000.00 | 303,000.00 |
| १४२४९ अन्य दस्तुर | 385,600.00 | 500,000.00 | 500,000.00 | 505,000.00 |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | 325,750.00 | 350,000.00 | 300,000.00 | 303,000.00 |
| १४२६५ अन्य क्षेत्रको आय | 231,559.00 | - | - | - |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | - | - | 200,000.00 | 202,000.00 |
| १४६११ व्यवसाय कर | 49,000.00 | 150,000.00 | 150,000.00 | 151,500.00 |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | 65,340,904.36 | 81,926,000.00 | 80,576,700.00 | 81,382,467.00 |
| ११३१५ घरजग्गा रजिष्ठेशन दस्तुर | - | - | 500,000.00 | 505,000.00 |
| ११३१५ घरजग्गा रजिष्ठेशन दस्तुर | - | 450,000.00 | - | - |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | 42,586,179.64 | 43,282,561.00 | 71,605,700.00 | 72,321,757.00 |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | 13,745,346.11 | 29,794,439.00 | - | - |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | 4,397,720.00 | 5,329,000.00 | 5,921,000.00 | 5,980,210.00 |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | 1,235,397.11 | - | 50,000.00 | 50,500.00 |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | - | - | - | - |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | 3,376,261.50 | 3,070,000.00 | 2,500,000.00 | 2,525,000.00 |
| अन्य आय | 145,459.00 | - | - | - |
| १५१११ बेरूजू | 145,459.00 | - | - | - |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | 338,071,627.00 | 353,563,000.00 | 355,505,000.00 | 359,060,050.00 |
| संघीय सरकार | 322,496,000.00 | 333,888,000.00 | 334,800,000.00 | 338,148,000.00 |
| १३३११ समानिकरण अनुदान | 84,700,000.00 | 90,900,000.00 | 81,700,000.00 | 82,517,000.00 |
| १३३१२ शसर्त अनुदान  चालु | 196,346,000.00 | 196,588,000.00 | 192,600,000.00 | 194,526,000.00 |
| १३३१३ शसर्त अनुदान  पुँजीगत | 26,450,000.00 | 27,500,000.00 | 18,000,000.00 | 18,180,000.00 |
| १३३१५ विषेश अनुदान पुँजीगत | 4,000,000.00 | 10,900,000.00 | 22,000,000.00 | 22,220,000.00 |
| १३३१७ समपुरक अनुदान पुँजीगत | 11,000,000.00 | 8,000,000.00 | 20,500,000.00 | 20,705,000.00 |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश सरकार | 15,575,627.00 | 19,675,000.00 | 20,705,000.00 | 20,912,050.00 |
| १३३११ समानिकरण अनुदान | 9,152,000.00 | 9,675,000.00 | 9,705,000.00 | 9,802,050.00 |
| १३३१४ विषेश अनुदान चालु | - | 5,000,000.00 | - | - |
| १३३१५ विषेश अनुदान पुँजीगत | - | - | 5,000,000.00 | 5,050,000.00 |
| १३३१६ समपुरक अनुदान चालु | 6,423,627.00 | 5,000,000.00 | - | - |
| १३३१७ समपुरक अनुदान पुँजीगत | - | - | 6,000,000.00 | 6,060,000.00 |
| बैदेशिक | - | - | - | - |
| जनसहभागिता | - | - | - | - |
| वित्तीय व्यवस्था (प्राप्ति) | - | - | - | - |
|   | - | - | - | - |
| व्यय | 379,682,399.79 | 457,358,546.70 | 476,369,431.20 | 481,133,125.51 |
| चालु | 232,042,459.79 | 292,656,940.20 | 291,821,000.00 | 294,739,210.00 |
| २११११ पारिश्रमिक कर्मचारी | 56,113,331.28 | 170,515,000.00 | 189,100,000.00 | 190,991,000.00 |
| २१११२ पारिश्रमिक पदाधिकारी | - | 7,000,000.00 | 8,700,000.00 | 8,787,000.00 |
| २११२१ पोशाक | 170,000.00 | 330,000.00 | 380,000.00 | 383,800.00 |
| २११२३ औषधीउपचार खर्च | - | 870,000.00 | - | - |
| २११३१ स्थानीय भत्ता | 322,844.00 | 626,000.00 | 726,000.00 | 733,260.00 |
| २११३२ महंगी भत्ता | 196,174.00 | 720,000.00 | 620,000.00 | 626,200.00 |
| २११३३ फिल्ड भत्ता | 670,000.00 | 903,000.00 | 1,000,000.00 | 1,010,000.00 |
| २११३४ कर्मचारीको बैठक भत्ता | 449,800.00 | 450,000.00 | 450,000.00 | 454,500.00 |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | 433,200.00 | 450,000.00 | 450,000.00 | 454,500.00 |
| २११३९ अन्य भत्ता | 129,240.00 | 200,000.00 | 200,000.00 | 202,000.00 |
| २११४१ पदाधिकारी बैठक भत्ता | - | 450,000.00 | 600,000.00 | 606,000.00 |
| २११४२ पदाधिकारीअन्य सुबिधा | 6,228,983.00 | 750,000.00 | 750,000.00 | 757,500.00 |
| २११४९ पदाधिकारी अन्य भत्ता | - | 350,000.00 | 400,000.00 | 404,000.00 |
| २१२१४ कर्मचारी कल्याण कोष | 100,000.00 | 100,000.00 | 1,500,000.00 | 1,515,000.00 |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | - | - | 400,000.00 | 404,000.00 |
| २२१११ पानी तथा बिजुली | 204,330.00 | 400,000.00 | 500,000.00 | 505,000.00 |
| २२११२ संचार महसुल | 191,398.00 | 590,000.00 | 500,000.00 | 505,000.00 |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | - | 100,000.00 | 200,000.00 | 202,000.00 |

| | | | | |
|---|---|---|---|---|
| २२२११ इन्धन (पदाधिकारी) | 480,000.00 | 100,000.00 | 500,000.00 | 505,000.00 |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | 740,892.00 | 1,300,000.00 | 1,300,000.00 | 1,313,000.00 |
| २२२१३ सवारी साधन मर्मत खर्च | 1,133,275.00 | 1,350,000.00 | 1,450,000.00 | 1,464,500.00 |
| २२२१४ बिमा तथा नवीकरण खर्च | 349,174.50 | 500,000.00 | 850,000.00 | 858,500.00 |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | 691,364.00 | 860,000.00 | 800,000.00 | 808,000.00 |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | 2,503,257.00 | 2,185,000.00 | 2,128,000.00 | 2,149,280.00 |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | 1,761,552.01 | - | 600,000.00 | 606,000.00 |
| २२३१४ इन्धन - अन्य प्रयोजन | - | 50,000.00 | 100,000.00 | 101,000.00 |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 1,064,133.00 | 1,550,000.00 | 1,500,000.00 | 1,515,000.00 |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | - | - | 450,000.00 | 454,500.00 |
| २२४११ सेवा र परामर्श खर्च | 198,880.00 | 200,000.00 | 200,000.00 | 202,000.00 |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 376,671.00 | 500,000.00 | 500,000.00 | 505,000.00 |
| २२४१३ करार सेवा शुल्क | 3,500,000.00 | 5,980,000.00 | 6,000,000.00 | 6,060,000.00 |
| २२५११ कर्मचारी तालिम खर्च | 150,000.00 | 200,000.00 | 300,000.00 | 303,000.00 |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | - | 565,000.00 | 250,000.00 | 252,500.00 |
| २२५२२ कार्यक्रम खर्च | 32,350,856.00 | 30,433,000.00 | 29,753,000.00 | 30,050,530.00 |
| २२५२९ विविध कार्यक्रम खर्च | 4,807,900.00 | 15,799,894.20 | 17,132,000.00 | 17,303,320.00 |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | 798,759.00 | 1,150,000.00 | 995,000.00 | 1,004,950.00 |
| २२६१२ भ्रमण खर्च | 1,008,000.00 | 1,200,000.00 | 1,250,000.00 | 1,262,500.00 |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | - | 100,000.00 | 100,000.00 | 101,000.00 |
| २२७११ विविध खर्च | 2,449,675.00 | 2,740,000.00 | 3,105,000.00 | 3,136,050.00 |
| २२७२१ सभा सञ्चालन खर्च | 388,990.00 | 500,000.00 | 600,000.00 | 606,000.00 |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | 103,084,000.00 | 20,860,000.00 | 2,250,000.00 | 2,272,500.00 |

| | | | | |
|---|---|---|---|---|
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | - | 500,000.00 | - | - |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | - | 50,000.00 | 100,000.00 | 101,000.00 |
| २५३१५ अन्य सस्था सहायता | - | 200,000.00 | 606,000.00 | 612,060.00 |
| २७११२ अन्य सामाजिक सुरक्षा | - | - | 90,000.00 | 90,900.00 |
| २७२११ छात्रवृत्ति | 973,600.00 | 186,000.00 | 899,000.00 | 907,990.00 |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | 500,365.00 | 1,850,000.00 | 2,100,000.00 | 2,121,000.00 |
| २७२१३ औषधीखरिद खर्च | 2,895,356.00 | 3,805,000.00 | 2,837,000.00 | 2,865,370.00 |
| २७२१९ अन्य सामाजिक सहायता | - | 8,865,000.00 | 1,500,000.00 | 1,515,000.00 |
| २८१४२ घरभाडा | 950,000.00 | 1,100,000.00 | 1,200,000.00 | 1,212,000.00 |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | 1,507,780.00 | 800,000.00 | 800,000.00 | 808,000.00 |
| २८१४९ अन्य भाडा | 19,590.00 | 100,000.00 | 100,000.00 | 101,000.00 |
| २८२११ राजस्व फिर्ता | - | - | 1,500,000.00 | 1,515,000.00 |
| २८२१९ अन्य फिर्ता | 2,149,090.00 | 1,500,000.00 | - | - |
| २८९११ भैपरी आउने चालु खर्च | - | 774,046.00 | 1,500,000.00 | 1,515,000.00 |
| पूंजीगत | 147,639,940.00 | 164,701,606.50 | 184,548,431.20 | 186,393,915.51 |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | - | 7,500,000.00 | 11,450,000.00 | 11,564,500.00 |
| ३१११४ जग्गा विकास कार्य | - | 1,500,000.00 | 1,500,000.00 | 1,515,000.00 |
| ३११२१ सवारी साधन | 561,800.00 | - | 2,000,000.00 | 2,020,000.00 |
| ३११२२ मेशिनरी तथा औजार | 6,903,396.00 | 3,750,000.00 | 3,400,000.00 | 3,434,000.00 |
| ३११२३ फर्निचर तथा फिक्चर्स | 750,315.00 | 2,050,000.00 | 950,000.00 | 959,500.00 |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | 591,000.00 | - | 250,000.00 | 252,500.00 |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | - | - | 500,000.00 | 505,000.00 |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | - | - | - | - |
| ३११३५ पूँजीगत परामर्श खर्च | 2,074,086.00 | 2,000,000.00 | 2,500,000.00 | 2,525,000.00 |

| | | | | |
|---|---|---|---|---|
| ३११५१ सडक तथा पूल निर्माण | 47,189,162.00 | 52,200,000.00 | 64,360,000.00 | 65,003,600.00 |
| ३११५३ विद्युत संरचना निर्माण | 273,600.00 | 200,000.00 | - | - |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | 7,681,503.00 | 1,750,000.00 | 13,600,000.00 | 13,736,000.00 |
| ३११५५ सिंचाई संरचना निर्माण | 3,838,346.00 | 3,800,000.00 | 450,000.00 | 454,500.00 |
| ३११५६ खानेपानी संरचना निर्माण | 4,495,090.00 | 2,550,000.00 | 550,000.00 | 555,500.00 |
| ३११५८ सरसफाई संरचना निर्माण | 3,046,102.00 | 2,405,000.00 | 200,000.00 | 202,000.00 |
| ३११५९ अन्य सार्वजनिक निर्माण | 67,671,157.00 | 71,769,000.00 | 72,188,431.20 | 72,910,315.51 |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | 2,564,383.00 | 645,000.00 | - | - |
| ३१२२१ मौज्दात सामानहरु | - | 1,000,000.00 | - | - |
| ३१४११ जग्गाप्राप्ति खर्च | - | 10,670,000.00 | 10,650,000.00 | 10,756,500.00 |
| ३१५११ भैपरी आउने पूँजीगत | - | 912,606.50 | - | - |
| बजेट बचत (+)/न्यून | 29,861,253.44 | (17,139,546.70) | (34,907,731.20) | (35,256,808.51) |
| गत वर्षको नगद मौज्दात | - | 17,139,546.70 | 34,907,731.20 | 35,256,808.51 |

**निर्णय नं ३७.** प्रस्ताव नं ३७ माथि छलफल गर्दा मंगला गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिज बमोजिम कानुनी मामिला इकाइ अन्तर्गत गठित ५ वटै वडामा गठन भएका मेलमिलाकर्ताहरुलाई ४८ घण्टे (सात दिने) तालिम सञ्चालन गर्नका लागि आवश्यक बजेट रु. ६,००,०००।— (छ लाख) माग भई आएकोमा सो रकम विनियोजन गर्नका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३९.** प्रस्ताव नं ३९ माथि छलफल गर्दा प्रस्तावित गुरुयोजना परिमार्जन गरी मंगला माध्यामिक विद्यालयको होस्टल भवन हाल रेहेको चमेना गृहमा होस्टलको भवन निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ४०.** प्रस्ताव नं ४० माथि छलफल गर्दा मिति २०८०/०९/०१५ देखि २०८०/०९/१७ सम्म सञ्चालन भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि संघिय सरकारको ससर्त अनुदानतर्फ रु १,००,०००।- र गा.पा. शिक्षा चालू तर्फ **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन खर्च** शीर्षकमा रु. ५,००,०००।- (पाँच लाख मात्र विनियोजन भएको ) तथा कार्यक्रम सञ्चालनको क्रममा कार्यक्रमको खर्च रकम निर्धारित बजेट भन्दा बढी भएकोले विनियोजित बजेट भन्दा बढी खर्च भएको रकम रु.२,११,५१०।- (दुई लाख एघार हजार पाँच सय दश रुपैयाँ) गा.पा शिक्षा चालूतर्फ **विद्यार्थी तथा शिक्षक प्रतिभा पहिचानको लागि गा.पा स्तरीय सह/अतिरिक्त कार्यक्रम**बाट रु.१,५०,०००।— (एक लाख पन्ध्र हजार) र गा.पा. चालूतर्फ **विनियोजित कार्यक्रम खर्च** शीर्षकबाट रु. ६१,५१०।— (एकसट्ठी हजार पाँच सय दश रुपैयाँ) खर्च गरी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको सम्पूर्ण खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ४१.** प्रस्ताव नं ४१ माथि छलफल गर्दा मिति २०८०/०९/२० देखि २०८०/०९/२१ मा सम्पन्न भएको जिल्ला स्तरीय रनिङ शिल्ड प्रतियोगितामा पालिकाको विद्यालय तथा विद्यार्थीहरुको सहभागिता बापतको जम्मा खर्च रु. २,७८,३३४।- (दुई लाख अठहत्तर तिन सय चौंतीस रुपैयाँ) गा.पा. चालू तर्फ **विनियोजित कार्यक्रम खर्च** शीर्षकमा विनियोजित क्रियाकलापबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं ४२.** प्रस्ताव नं ४२ माथि छलफल गर्दा मंगला गाउँपालिका भएर बग्ने म्याग्दी नदी को किनारमा रहेका बिभीन्न घाटगद्दीमा संकलन भएको ढुङ्गा गिटि र बालुवाको बिक्री बितरण परियोजनको लागी प्रारम्भिक वातावरणीय प्रतिबेदन (IEE) तयार गर्नको लागि यस कार्यालयबाट मिति २०८०।०७।२४ गतेका दिन RIDARC Nepal Pvt.Ltd नख्खु ललितपुरलाइ कार्यदिश दिएकोमा उक्त फर्मबाट मिति २०८०।०८।२५ गतेका दिन बसेको यस गाउँपालिकाको कार्यपालिका बैठकमा प्रस्ताब नं ११ अनुरुप छलफल भई केहि सुझाबहरु प्राप्त गरी उक्त सुझावहरूलाई समेत समावेश गरी तयार पारेको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) लाइ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ४३.** प्रस्ताव नं ४३ माथि छलफल गर्दा यस मंगला गाउँपालिकाबाट मिति २०७८।०७।०५ गतेका दिन बाबियाचौर स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागी ठेक्का आब्हान भइ मिति २०७८।१०।२० गतेका दिन यस कार्यालय र श्री ग्रान्ड खाम्पाचे –ऐसके जे.भि गोङ्गबु काठमाडौं बिच निर्माण कार्य अगाडि बढाउने सम्झौता भएको र निर्माण कार्य सञ्चालन गर्ने क्रममा स्वास्थ्य चौकी परिसरमा पहिरो गई संरक्षण गर्नुपर्ने भएको , भवनको साइडमा रहेको पानी लाइ व्यवस्थित गर्नको लागी proper Drainage Canal निर्माण गर्नुपर्ने देखिएको र यस ठेक्काको बि.ओ.क्यू मा उल्लेख भएको Floor Finishing Item को कार्य , उद्देश्य बमोजिमको सम्पूर्ण काम समपन्न भइ सक्दा पनि केहि Quantity बाँकी रहने देखीएकोले उक्त Item हरुलाइ हटाइ स्वास्थ्य चौकी परिसरमा Stone Masonery Wall र व्यवस्थित Drainage Canal निर्माण गर्नको लागी बि.ओ.क्यू मा समाबेश भएका केहि Quantity को Variation Order जारी गर्न सार्बजनिक खरीद ऐन २०६३ को दफा ५४ , सार्बजनिक खरीद नियमावली २०६४ को नियम ११८ र यस गाउँपालिकाको सार्बजनिक खरीद नियमावली २०७९ को नियम १२७ बमोजिम सम्झौता अङ्कको -४.०७% गाउँपालिका अध्यक्षबाट सदर भइ आएको भेरिएसन अर्डर अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४४.** प्रस्ताव नं ४४ माथि छलफल गर्दा तपसिलको निर्णय गरियो ।

क) मंगला गाउँपालिकाको "**अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७९**" अनुसार गठित पालिका स्तरीय अनुगमन समितिमा १ लाख ५० हजार भन्दा कमको लागत अनुमान भएका योजनाहरूको वडा स्तरीय अनुगमन समितिले गरेको अनुगमन प्रतिवेदनलाई मान्यता दिने निर्णय गरियो ।